# राष्ट्र ऋण नियमावली, २०५९

नेपाल राजपत्रमा प्रकाशित मिति

२०५९।१०।२३

संशोधन

| | |
|---|---|
| १. राष्ट्र ऋण (पहिलो संशोधन) नियमावली, २०६१ | २०६१।९।२६ |
| २. राष्ट्र ऋण (दोस्रो संशोधन) नियमावली, २०६७ | २०६७।१२।७ |
| ३. राष्ट्र ऋण (तेस्रो संशोधन) नियमावली, २०७० | २०७०।१।३० |
| ४. राष्ट्र ऋण (पाँचौं संशोधन) नियमावली, २०७८ | २०७८।०४।२५ |

राष्ट्र ऋण ऐन, २०५९ को दफा २० ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले नेपाल राष्ट्र बैङ्कको राय लिई देहायका नियमहरु बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "राष्ट्र ऋण नियमावली, २०५९" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा, –

(क) "ऐन" भन्नाले राष्ट्र ऋण ऐन, २०५९ सम्झनु पर्छ।

🕮(ख) "विभाग" भन्नाले बैङ्कको राष्ट्र ऋण व्यवस्थापन विभाग सम्झनु पर्छ।

(ग) "ऋणपत्रको मुख्य भाग" भन्नाले ऋणपत्रको नाम, ऋणपत्रको क्रम सङ्ख्या, ऋणपत्रमा उल्लेख भएको मूल्य, ऋणपत्रको ब्याज प्रतिशत, ब्याज भुक्तानी दिने अङ्क, धनीको दस्तखत, ऋणपत्र प्रमाणित गर्ने अधिकारीको दस्तखत तथा छाप, ऋणपत्र, दरपीठ गर्ने वा भुक्तानी पाउने धनीको नाम लेखिएको वा नामसारी भएको कुरा उल्लेख भएको ऋणपत्र वा त्यसको कुनै अंश सम्झनु पर्छ।

(घ) "समिति" भन्नाले नियम १७ को उपनियम (१) बमोजिम गठन भएको खुला बजार सञ्चालन समिति सम्झनु पर्छ।

🔔(ङ) "धनीको दस्तखत" भन्नाले सरकारी कार्यालय वा सङ्गठित संस्था धनी भएको अवस्थामा त्यस्तो कार्यालय वा सङ्गठित संस्थाको अधिकारप्राप्त अधिकारीको दस्तखत र त्यस्तो कार्यालय वा संस्थाको छाप समेत सम्झनु पर्छ।

३. **ऋणपत्र र ब्याज भुक्तानी पुर्जाको ढाँचाः** (१) ऐन बमोजिम निष्कासन गरिने देहायका ऋणपत्र र सो ऋणपत्रको ब्याज भुक्तानी पुर्जाको ढाँचा देहायका अनुसूचीमा उल्लेख भए बमोजिम हुनेछः-

(क) **स्टकः**

---

🕮 दोस्रो संशोधनद्वारा संशोधित।

🔔 दोस्रो संशोधनद्वारा थप।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(१) विकास ऋणपत्र अनुसूची-१

(२) विकास ऋणपत्रको ब्याज भुक्तानी पुर्जा अनुसूची-१(क)

(३) राष्ट्रिय बचतपत्र अनुसूची-२

(४) राष्ट्रिय बचतपत्रको ब्याज भुक्तानी पुर्जा अनुसूची-२(क)

(५) नागरिक बचतपत्र अनुसूची-३

(६) नागरिक बचतपत्रको ब्याज भुक्तानी पुर्जा अनुसूची-३(क)

(७) विशेष ऋणपत्र अनुसूची-४

(८) विशेष ऋणपत्रको ब्याज भुक्तानी पुर्जा अनुसूची-४(क)

(ख) __प्रमिशरी नोटः__

(१) विकास ऋणपत्र अनुसूची-५

(२) विकास ऋणपत्रको ब्याज भुक्तानी पुर्जा अनुसूची-५(क)

(३) राष्ट्रिय बचतपत्र अनुसूची-६

(४) राष्ट्रिय बचतपत्रको ब्याज भुक्तानी पुर्जा अनुसूची-६(क)

(५) नागरिक बचतपत्र अनुसूची-७

(६) नागरिक बचतपत्रको ब्याज भुक्तानी पुर्जा अनुसूची-७(क)

(७) विशेष ऋणपत्र अनुसूची-८

(८) विशेष ऋणपत्रको ब्याज भुक्तानी पुर्जा अनुसूची-८(क)

(९) बट्टाकट्टा (डिस्काउण्ट) मूल्यमा बिक्री हुने ट्रेजरी बिल अनुसूची-९

(१०) निश्चित ब्याजदर तोकी बिक्री हुने ट्रेजरी बिल अनुसूची-१०

(ग) बियरर बण्ड अनुसूची-११

(घ) प्राइज बण्ड अनुसूची-१२

(२) उपनियम (१) मा उल्लेख गरिए बाहेक अन्य ऋणपत्रको ढाँचा बैङ्कले समय समयमा तोके बमोजिम हुनेछ।

(३) ऋणपत्रको प्रमाणपत्र र ब्याज भुक्तानी पुर्जाको आकार, रङ्ग तथा आवश्यक सुरक्षणका उपायहरु बैङ्कले समय समयमा तोके बमोजिम हुनेछ।

४. __ऋणपत्र निष्कासन गर्ने कार्यविधिः__ (१) नेपाल सरकारले ऋणपत्र निष्कासन गरी आन्तरिक ऋण उठाउन आवश्यक देखेमा त्यसरी उठाइने कुल ऋण रकम, ऋणपत्रको साँवा भुक्तानी अवधि, ब्याजदर, ब्याज भुक्तानी अवधि र सो सम्बन्धी अन्य आवश्यक शर्तहरु समेत तोकी त्यस्तो ऋणपत्र बिक्री गर्ने प्रयोजनको लागि निष्कासन गर्न बैङ्कलाई स्वीकृति दिएमा बैङ्कले आवश्यकता अनुसार सूचना प्रकाशन वा प्रसारण गरी त्यस्तो ऋणपत्र निष्कासन गर्नेछ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(२) उपनियम (१) बमोजिम सूचना प्रकाशन वा प्रसारण भएपछि ऋणपत्र खरिद गर्न चाहने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले सो सूचनामा तोकिएको अवधिभित्र आफूले खरिद गर्न चाहेको ऋणपत्रको रकम बुझाएको बैङ्क भौचर संलग्न राखी अनुसूची-१३ बमोजिमको ढाँचामा विभाग समक्ष निवेदन दिनु पर्नेछ।

(३) ऋणपत्र निष्कासन सम्बन्धी अन्य कार्यविधि समितिको सिफारिसमा समय समयमा बैङ्कले तोके बमोजिम हुनेछ।

५. **<u>ऋणपत्र खरिद गर्न पाउने सीमाः</u>** (१) बैङ्कले ऋणपत्र निष्कासन गर्दा ऋणपत्र खरिद गर्न पाउने देहायको सीमाको अधीनमा रही ऋणपत्र निष्कासन गर्नेछः-

(क) विकास ऋणपत्रको हकमा घटीमा 🕮पचास हजार रुपैयाँ र बढीमा कुल निष्कासित रकमको सीमामा नबढाई 🕮पचास हजार रुपैयाँले भाग गर्दा निशेष भाग जाने अङ्कमा।

(ख) राष्ट्रिय बचतपत्र र नागरिक बचतपत्रको हकमा घटीमा 🕮दश हजार रुपैयाँ र बढीमा कुल निष्कासित रकमको सीमामा नबढाई 🕮दश हजार रुपैयाँले भाग गर्दा निशेष भाग जाने अङ्कमा।

(ग) विशेष ऋणपत्र र बैङ्कले नेपाल सरकारको स्वीकृति लिई ऋणपत्र भनी तोकिदिएको अन्य कुनै ऋणपत्रको हकमा समितिले तोकिदिएको अङ्कमा।

(घ) ट्रेजरी बिलको हकमा 🕮पचास हजार रुपैयाँ र बढीमा कुल निष्कासित रकमको सीमामा नबढाई 🕮पचास हजार रुपैयाँले भाग गर्दा निशेष भाग जाने अङ्कमा वा समितिले तोकेको अङ्कमा।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बैङ्कले नेपाल सरकारको स्वीकृति लिई ऋणपत्र खरिद गर्न पाउने रकमको सीमामा हेरफेर गर्न सक्नेछ।

(३) कुनै व्यक्ति, फर्म, 🕮कम्पनी, सरकारी कार्यालय वा सङ्गठित संस्थाले ऋणपत्र खरिद गर्नको लागि जम्मा गरेको रकमभन्दा कम्ती रकमको ऋणपत्र पाएमा वा कुनै ऋणपत्र नै नपाएमा निजले फिर्ता पाउनु पर्ने रकम ऋणपत्र निष्कासन भएको मितिले ⧗पन्ध्र दिनभित्र फिर्ता गर्नु पर्नेछ। यसरी फिर्ता गरिने रकममा ब्याज दिइने छैन।

६. **<u>ऋणपत्रको नामसारी गर्ने तरिकाः</u>** (१) स्टक ऋणपत्रको नामसारी गर्न विभाग समक्ष निवेदन पर्न आएमा विभागले त्यस्ता ऋणपत्र लिने दिने दुवैलाई सनाखत गराई नामसारी बापत प्रति प्रमाणपत्र एक सय रुपैयाँ दस्तुर लिई बैङ्कले खातामा सो स्टक ऋणपत्र लिने व्यक्तिको नाम दर्ता गरी नामसारी गरिदिनेछ।

---

🕮 दोस्रो संशोधनद्वारा संशोधित।

⧗ पहिलो संशोधनद्वारा संशोधित।

तर फर्म, कम्पनी वा संस्थाले स्टक ऋणपत्र लिने दिने भएकोमा त्यस्तो फर्म, कम्पनी वा संस्थाको धनी वा आधिकारिक प्रतिनिधिबाट सनाखत गराई स्टकको नामसारी गर्न सकिनेछ।

(२) प्रमिशरी नोट नामसारी गर्नु पर्दा लिने दिने दुवैले प्रमिशरी नोटको प्रमाणपत्रमा तोकिएको स्थानमा आफ्नो नाम, ठेगाना, नागरिकताको प्रमाणपत्र वा परिचय खुल्ने प्रमाणपत्रको नम्बर र मिति स्पष्ट रुपमा उल्लेख गरी दस्तखत गरिदिएमा सो प्रमिशरी नोट नामसारी भएको मानिनेछ।

७. **<u>ऋणपत्रको साँवा भुक्तानी दिइने तरिकाः</u>** 🕮(१) स्टक वा प्रमिशरी नोट ऋणपत्रको साँवाको भुक्तानी अवधि पूरा भएपछि धनीले बैङ्कको कार्यालय, इजाजतपत्र प्राप्त बैङ्क वा वित्तीय संस्था वा बजार निर्मातामा ऋणपत्र प्रस्तुत गरी सो ऋणपत्रको पृष्ठ भागमा साँवा भुक्तानी प्राप्त गरेको दस्तखत गरेपछि साँवाको भुक्तनी गरिनेछ।

तर इजाजतपत्र प्राप्त बैङ्क वा वित्तीय संस्था वा बजार निर्मातामा धितोमा राखिएका ऋणपत्रको साँवा ब्याज भुक्तानी त्यस्तो ऋणपत्र धितोमा राखिएको कागजातको आधारमा सम्बन्धित बैङ्क, वित्तीय संस्था वा बजार निर्मातालाई दिनु पर्नेछ।

(२) बियरर बण्ड र प्राइज बण्डको साँवाको भुक्तानी अवधि पूरा भएपछि सो बियरर बण्ड र प्राइज बण्ड बैङ्क समक्ष प्रस्तुत गर्ने बाहकलाई सो बण्डको साँवा भुक्तानी दिनु पर्नेछ।

८. **<u>ऋणपत्रको ब्याज भुक्तानी दिइने तरिकाः</u>** (१) स्टक वा प्रमिशरी नोट ऋणपत्रको ब्याज भुक्तानी विधि सोही ऋणपत्रको ब्याज भुक्तानी पुर्जा उल्लेख भए बमोजिम हुनेछ।

(२) बियरर बण्ड र प्राइज बण्डको ब्याजको भुक्तानी बैङ्कले समय समयमा तोके बमोजिम हुनेछ।

+८क. **<u>छुट्टै खातामा रकम जम्मा गर्नेः</u>** (१) ऐनको दफा १० बमोजिमको कार्यविधि पूरा गर्दा पनि कुनै धनीले ऋणपत्रको साँवा ब्याज भुक्तानी लिन नआएमा बैङ्कले त्यस्तो साँवा ब्याज रकम एउटा छुट्टै खाता खोली जम्मा गर्नेछ।

(२) उपनियम (१) बमोजिमको खातामा जम्मा भएको आफ्नो रकम भुक्तानी लिन सबुद सहित सम्बन्धित धनीले बैङ्क समक्ष निवेदन गरेमा बैङ्कले सो रकम निजलाई भुक्तानी गर्नु पर्नेछ।

९. **<u>ऋणपत्रको प्रतिलिपि दिनेः</u>** 🕮(१) ऋणपत्र च्यातिएमा, नबुझिने भएमा वा झुत्रिएमा, चोरिएमा, हराएमा, वा कुनै किसिमले नष्ट भएमा सम्बन्धित धनीले सिधै विभागमा वा बैङ्कको कुनै कार्यालय वा इजाजतपत्र

---

🕮 दोस्रो संशोधनद्वारा संशोधित।

+ पहिलो संशोधनद्वारा थप।

🕮 दोस्रो संशोधनद्वारा संशोधित।

प्राप्त बैङ्क वा वित्तीय संस्था वा बजार निर्मातामार्फत विभागमा प्रमाणपत्रको प्रतिलिपि बापत प्रति ऋणपत्रको दुई सय रुपैयाँ दस्तुर सहित देहायको विवरण खुलाई निवेदन दिनु पर्नेछः-

(क) ऋणपत्र धनीको नाम,

(ख) ऋणपत्रको नाम, क्रमसङ्ख्या र रकम,

(ग) पछिल्लो पटक व्याज भुक्तानी लिएको मिति र स्थान,

(घ) अरुलाई दरपीठ गरी नामसारी नगरेको वा कुनै संस्थामा धितो नराखेको भनी गरेको कबुलियत,

(ङ) हराएको, चोरिएको वा नष्ट भएको व्यहोरा प्रमाणित हुने प्रहरी कार्यालयको पत्र, र

(च) नबुझिने भएको वा झुत्रिएको वा च्यातिएको भए सो को बाँकी रहेको सबै भाग समावेश भएको ऋणपत्र।

(२) उपनियम (१) बमोजिम निवेदन पर्न आएमा विभागले +प्रत्येक तीन महिनामा एक पटक सो अवधिभित्र परेका सबै निवेदन समावेश गरी राष्ट्रियस्तरको दैनिक पत्रिकामा त्यस्तो ऋणपत्रको सम्बन्धमा पूरा विवरण खोली कसैको हक लाग्ने रहेछ भने उजुरी गर्न पैंतीस दिनको म्याद दिई सूचना प्रकाशन गर्नु पर्नेछ।

+तर कुनै धनीले सूचना प्रकाशन गर्दा लाग्ने सम्पूर्ण खर्च आफैंले व्यहोर्न मञ्जुर गरेमा बैङ्कले तीन महिना अगाडि पनि सूचना प्रकाशन गर्न सक्नेछ।

+(२क) उपनियम (२) बमोजिम सूचना प्रकाशन गर्ने प्रयोजनको लागि धनीले देहाय बमोजिमको रकम बैङ्कमा बुझाउनु पर्नेछः-

(क) बीस हजार रुपैयाँसम्मको ऋणपत्रको लागि 🕮दुई सय रुपैयाँ,

(ख) बीस हजार रुपैयाँभन्दा माथि पचास हजार रुपैयाँसम्मको ऋणपत्रको लागि 🕮एक हजार पाँच सय रुपैयाँ,

(ग) पचास हजार रुपैयाँभन्दा माथि एक लाख रुपैयाँसम्मको ऋणपत्रको लागि 🕮तीन हजार रुपैयाँ,

(घ) एक लाख रुपैयाँभन्दा माथि पाँच लाख रुपैयाँसम्मको ऋणपत्रको लागि 🕮छ हजार रुपैयाँ,

(ङ) पाँच लाख रुपैयाँदेखि माथि जतिसुकै रुपैयाँको ऋणपत्र भए तापनि पन्ध्र हजार रुपैयाँ।

---

+ पहिलो संशोधनद्वारा थप।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

[+](२ख) उपनियम (२क) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपनियम (२) बमोजिम सूचना प्रकाशन गर्न लाग्ने सम्पूर्ण खर्च धनीले व्यहोर्ने भएमा निजले उपनियम (२क) बमोजिम लाग्ने रकम बैङ्कमा बुझाउनु पर्ने छैन।

(३) उपनियम (२) बमोजिम सूचना प्रकाशन भएको मितिले पैंतीस दिनभित्र कसैको उजुरी पर्न नआएमा विभागले निवेदकलाई सो अवधि समाप्त भएको मितिले [📖]<u>एक सय असी दिन</u>को अवधि व्यतित भइसकेपछि त्यस्तो ऋणपत्रको प्रमाणित प्रतिलिपि दिनु पर्नेछ।

तर,–

(क) एक वर्षभन्दा कम अवधिको ट्रेजरी बिलको हकमा पैंतीस दिनभित्र कसैको उजुरी पर्न नआएमा निवेदकलाई ट्रेजरी बिलको भुक्तानी अवधि व्यतित भएको एक महिनाभित्र आवश्यक कबुलियत गराई त्यस्तो ट्रेजरी बिलको प्रमाणित प्रतिलिपि दिनु पर्नेछ।

(ख) स्टक ऋणपत्रको हकमा विभागले आवश्यक जाँचबुझ गरी मनासिब देखेमा कबुलियत गराई त्यस्तो स्टक ऋणपत्रको प्रमाणित प्रतिलिपि एक महिनाभित्र दिन सक्नेछ।

(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा प्रमिशरी नोटको धनीले सो प्रमिशरी नोटको प्रतिलिपि पाउन प्रति प्रमाणपत्रको प्रतिलिपि बापत लाग्ने [📖]<u>दुई सय रुपैयाँ</u> दस्तुर सहित विभाग समक्ष निवेदन दिएमा विभागले निजलाई त्यस्तो प्रमिशरी नोटको प्रतिलिपि दिनु पर्नेछः-

(क) प्रमिशरी नोटमा दरपीठ गरिदिने ठाउँ बाँकी नरहेमा, वा

(ख) दरपीठ [📖]<u>अस्पष्ट वा नबुझिने</u> भई भुक्तानी पाउनेको नाम स्पष्ट नभएमा।

[‡]१०. <u>ऋणपत्रको परिवर्तन, खण्डीकरण, एकीकरण वा नवीकरण गर्नेः</u> (१) ऐनको दफा १७ बमोजिम स्टक वा प्रमिशरी नोटको धनीले आफ्नो साबिकको ऋणपत्रलाई एकआपसमा परिणत गर्न, त्यसको खण्डीकरण गर्न, एकीकरण गर्न वा नवीकरण गर्नको लागि त्यस्तो ऋणपत्रसँग सम्बन्धित सक्कल प्रमाणपत्र तथा कागजातहरू संलग्न गरी विभागमा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा व्यहोरा मनासिब देखेमा विभागले प्रति प्रमाणपत्र दुई सय रुपैयाँ दस्तुर लिई त्यस्तो ऋणपत्रलाई एकआपसमा परिणत गर्न, त्यसको खण्डीकरण गर्न, एकीकरण गर्न वा नवीकरण गर्न सक्नेछ।

---

[+] पहिलो संशोधनद्वारा थप।

[📖] दोस्रो संशोधनद्वारा संशोधित।

[‡] पाँचौं संशोधनद्वारा संशोधित।

(३) उपनियम (२) बमोजिम ऋणपत्र परिणत, खण्डीकरण, एकीकरण वा नवीकरण गर्दा विभागले निवेदनसाथ संलग्न ऋणपत्रको सक्कल प्रमाणपत्र रद्द गरी त्यसको बदलामा निवेदकलाई नयाँ ऋणपत्र दिनु पर्नेछ

११. **ऋणपत्र प्रमाणीकरण गर्ने:** धनीले आफूले खरिद गरेका ऋणपत्रको प्रमाणीकरण गरिदिनका लागि प्रमाणीकरण बापत एक सय रुपैयाँ दस्तुर सहित विभाग समक्ष निवेदन दिएमा विभागले निजको नाममा रहेको ऋणपत्रका सम्बन्धमा प्रमाणीकरण गरी दिनेछ।

१२. **लेखपढ गर्न नजान्ने व्यक्तिले ऋणपत्र खरिद गर्ने तरिका:** लेखपढ गर्न नजान्ने व्यक्तिले ऋणपत्र खरिद गर्दा निवेदनसाथ आफ्नो एक प्रति फोटो र प्रत्येक ऋणपत्र पिच्छे एक/एक प्रति फोटो सहित दुवै हातको बुढीऔंलाको छाप स्पष्ट लगाई विभाग समक्ष निवेदन दिनु पर्नेछ। +त्यसरी निवेदन दिने व्यक्तिलाई स्ट्रक प्रमाणपत्र मात्र उपलब्ध गराइनेछ।

१३. **नाबालकको तर्फबाट संरक्षकले ऋणपत्र खरिद गर्न सक्ने:** (१) नाबालकको नाममा ऋणपत्र खरिद गर्न परेमा निजको आमा, बाबु वा निजको संरक्षकले त्यस्तो नाबालकको नाममा ऋणपत्र खरिद गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम ऋणपत्र खरिद गर्दा नाबालकको जन्ममिति खुलेको प्रमाणपत्र, त्यस्तो नाबालकको आमा, बाबु वा संरक्षकको नाम, थर, ठेगाना, नागरिकता वा परिचय खुल्ने प्रमाणपत्र निवेदनसाथ पेश गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिम खरिद भएको ऋणपत्रको साँवा तथा ब्याज भुक्तानी नाबालकको हकमा निजको उमेर नपुगेसम्म निजको संरक्षकलाई दिइनेछ। नाबालकको उमेर पुगेपछि निजले उमेर पुगेको प्रमाणपत्र पेश गरेमा त्यस्तो साँवा ब्याजको भुक्तानी निजलाई नै दिनु पर्नेछ।

१४. **अन्य व्यक्ति संरक्षक हुने व्यवस्था:** नाबालकको हकमा आमा वा बाबु र बहुलाएको व्यक्तिको हकमा आमा वा बाबु वा पति वा पत्नी नभएको अवस्थामा सो व्यहोरा खुलाई त्यस्तो नाबालक वा बहुलाएको व्यक्तिको हेरचाह गर्ने कुनै व्यक्तिलाई त्यस्तो नाबालक वा बहुलाएको व्यक्तिको ऋणपत्रको सम्बन्धमा संरक्षक हुनको लागि सम्बन्धित स्थानिय निकायको सिफारिसमा जिल्ला प्रशासन कार्यालयले त्यस्तो नाबालक वा बहुलाएको व्यक्तिको निज संरक्षक भएको व्यहोरा प्रमाणित गरिदिएको पत्रको आधारमा विभागले त्यस्तो व्यक्तिलाई संरक्षक धनी रहने गरी व्यवस्था गर्न सक्नेछ।

१५. **बहुलाएको व्यक्तिको ऋणपत्रको साँवा ब्याज भुक्तानी:** ऋणपत्रको धनी बहुलाएकोमा त्यस्तो ऋणपत्रको साँवा ब्याजको भुक्तानी निजको संरक्षकलाई दिइनेछ। निजको मानसिक अवस्था ठीक भई निजले त्यस्तो ठीक भएको व्यहोरा लेखिएको मेडिकल बोर्डको प्रमाणपत्र पेश गरेमा सो साँवा ब्याजको भुक्तानी निजलाई नै दिनु पर्नेछ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

+ पहिलो संशोधनद्वारा थप।

१६. **इच्छापत्र बनाउने:** धनीले आफ्नो शेषपछि ऋणपत्रको सम्बन्धमा कसैलाई इच्छाउनु परेमा विभागमा निवेदन दिई विभागले अनुसूची-१४ बमोजिमको ढाँचामा इच्छापत्र बनाई दिनेछ र सोही इच्छापत्र बमोजिम विभागले ऋणपत्रको साँवा ब्याज भुक्तानी दिनेछ।

१७. **समितिको गठन:** [📖](१) ऋणपत्र निष्कासन सम्बन्धी कार्यसम्पादन गर्न देहाय सदस्यहरु रहेको एउटा खुला बजार सञ्चालन समिति गठन हुनेछः-

(क) बैङ्कको डेपुटी गभर्नर (मौद्रिक व्यवस्थापन विभाग हेर्ने) -अध्यक्ष

(ख) अर्थ मन्त्रालयको प्रतिनिधि (राजपत्राङ्कित प्रथम श्रेणी) -सदस्य

[✍](ख१) सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको प्रमुख -सदस्य

(ग) बैङ्कको मौद्रिक व्यवस्थापन विभाग विभागीय प्रमुख -सदस्य

(घ) बैङ्कको आर्थिक [♁]अनुसन्धान विभागको विभागीय प्रमुख -सदस्य

(ङ) बैङ्कको बैङ्क तथा वित्तीय संस्था नियमन विभागको विभागीय प्रमुख -सदस्य

(च) बैङ्कको [♁]बैङ्किङ्ग विभागको विभागीय प्रमुख -सदस्य

(छ) बैङ्कको मौद्रिक व्यवस्थापन विभागको निर्देशक (ट्रेजरी हेर्ने) -सदस्य-सचिव

(२) उपनियम (१) बमोजिमको समितिले आफ्नो बैठकमा आवश्यकता अनुसार विशेषज्ञ वा कर्मचारीलाई आमन्त्रण गर्न सक्नेछ।

(३) उपनियम (१) बमोजिम गठित समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(४) उपनियम (१) बमोजिम गठित समितिको बैठकमा भाग लिए बापत समितिका सदस्य तथा आमन्त्रित सदस्यले गभर्नरले तोकिदिए बमोजिमको बैठक भत्ता पाउनेछन्।

१८. **समितिको काम, कर्तव्य र अधिकार:** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रत्येक आर्थिक वर्षमा उठाइने राष्ट्र ऋण रकमको किटानी सालबसाली राष्ट्र ऋण उठाउने ऐनले गरेपछि त्यस्तो किटानी रकमको सीमाभित्र रही निष्कासन गरिने ट्रेजरी बिलको रकम, निष्कासन हुने समय र भुक्तानी अवधि निर्धारण गर्ने,

---

[📖] दोस्रो संशोधनद्वारा संशोधित।

[✍] पाँचौं संशोधनद्वारा थप।

[♁] पाँचौं संशोधनद्वारा संशोधन।

(ख) खण्ड (क) बमोजिम निष्कासन गरिने ट्रेजरी बिलको निर्धारण भएपछि बैङ्कले निष्कासन गर्ने ट्रेजरी बिल बिक्रीको लागि बोलपत्र आव्हान गर्ने, पहिले मोल तोकी बिक्री गर्ने वा ब्याज तोकी बिक्री गर्ने कुराको यकिन गर्ने,

(ग) ट्रेजरी बिल बाहेक अन्य सबै ऋणपत्रको हकमा ऋणपत्रको किसिम, रकम, निष्कासन हुने समय, ब्याजदर र भुक्तानी अवधि लगायतका अन्य आवश्यक कुराहरुको सम्बन्धमा नेपाल सरकार, अर्थ मन्त्रालय समक्ष सिफारिस गर्ने,

(घ) ऋणपत्रका सम्बन्धमा अन्य आवश्यक काम कारबाही गर्ने।

(२) उपनियम (१) बमोजिमको काम, कर्तव्य र अधिकार कार्यान्वयन गर्ने सम्बन्धमा समितिले आवश्यकता अनुसार ऋणपत्रसँग सम्बन्धित विशेषज्ञ र प्राविधिकहरु रहेको उपसमिति गठन गर्न सक्नेछ। यसरी गठन गरिएको उपसमितिको काम, कर्तव्य, अधिकार तथा कार्यविधि समितिले तोके बमोजिम हुनेछ।

(३) उपनियम (२) बमोजिमको गठित उपसमितिको बैठकमा भाग लिए बापत सो उपसमितिका सदस्यले गभर्नरले तोकिदिए बमोजिमको बैठक भत्ता पाउनेछन्।

१९. **बोलपत्र आव्हान गर्ने कार्यविधिः** (१) विभागले बोलपत्रको माध्यमबाट निष्कासन गरिने ट्रेजरी बिलको भुक्तानी अवधि र अन्य आवश्यक शर्तहरु खुलाई [8]बैङ्कको वेबसाइटमा सूचना प्रकाशन गर्नु पर्नेछ। त्यस्तो सूचनाको जानकारी सार्वजनिक ऋण व्यवस्थापन कार्यालयलाई समेत दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम सूचना प्रकाशन भएपछि ट्रेजरी बिल किन्न चाहनेले बोलपत्र दिँदा सो बोलपत्रमा यति प्रतिशत बट्टा लिएर रुपैयाँ दिन्छु भनी आफूले माग गरेको बट्टाको अङ्क खोली आवश्यकता अनुसार अनुसूची-१५ को फाराम नम्बर १, फाराम नम्बर २ वा फाराम नम्बर ३ बमोजिमको ढाँचामा विभाग समक्ष निवेदन दिनु पर्नेछ।

(३) बैङ्क आफैंले ट्रेजरी बिल खरिद गर्न बोलपत्र स्वीकार गर्दा देहायको अवस्थामा देहाय बमोजिम बट्टादर कायम हुनेछः-

(क) निष्कासन हुने सबै रकम बैङ्कले स्वीकार गर्ने अवस्था परेमा जति अवधिको ट्रेजरी बिल खरिद हुने हो सोही अवधिको ट्रेजरी बिलको पछिल्लो हप्तामा कायम भएको औसत बट्टादरमा, वा

(ख) बोलपत्र आंशिक रुपमा स्वीकार गरेमा सोही बोलपत्रबाट कायम हुन आएको औसत बट्टा दरमा।

[8] पाँचौं संशोधनद्वारा संशोधन।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(४) नेपाल सरकारबाट निष्कासित भई बैङ्कले ट्रेजरी बिल स्वीकार गरी आफ्नो स्वामित्वमा राखेको ट्रेजरी बिल बैङ्कले एकमुष्ट वा विभाजन गरी बिक्री गर्न चाहेमा विभिन्न भुक्तानी मिति कायम गरी बिक्री गर्न सक्नेछ।

२०. **<u>बोलपत्र स्वीकार गर्ने नगर्ने समितिको अधिकारः</u>** नियम १९ बमोजिम बोलपत्र आह्वान भएकोमा परेका बोलपत्र पूरै वा आंशिक रुपमा स्वीकार गर्ने वा नगर्ने अधिकार समितिलाई हुनेछ।

२१. **<u>ऋणपत्रको दोस्रो बजार सञ्चालन गराउनेः</u>** बैङ्कले ऋणपत्रको दोस्रो बजार सञ्चालनको सम्बन्धमा आवश्यक व्यवस्था गर्न सक्नेछ।

⊕२१क. **<u>अनुसूचीमा हेरफेर र थपघट गर्न सक्नेः</u>** बैङ्कको राय लिई अर्थ मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यकता अनुसार हेरफेर र थपघट गर्न सक्नेछ।

२२. **<u>खारेजी र बचाउः</u>** (१) राष्ट्र ऋण नियमहरु, २०२० खारेज गरिएको छ।

(२) उपनियम (१) बमोजिम खारेज भएका नियमहरु अन्तर्गत भए गरेका काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

**अनुसूची-१**

---

⊕ दोस्रो संशोधनद्वारा थप।

<u>द्रष्टव्यः-</u> १. केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रूपान्तर भएका शब्दहरूः—
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार"।

२. पाँचौं संशोधनद्वारा मूल नियमावलीको ठाउँ ठाउँमा रुपान्तर भएका शब्दहरुः-
"राष्ट्र ऋण व्यवस्थापन विभाग" र "राष्ट्र ऋण विभाग" भन्ने शब्दहरूको सट्टा "मौद्रिक व्यवस्थापन विभाग"।

(नियम ३ को उपनियम (१) को खण्ड (क) को उपखण्ड (१) सँग सम्बन्धित)

क्रमसङ्ख्या ............. दर्ता नं. ...........

**नेपाल सरकारको ऋणपत्र (स्टक)**

**................ प्रतिशत विकास ऋणपत्र, ...............**

रु. [ ]

.......................

धनीको दस्तखत परिचयको स्रोत .....................

दर्ता कार्यालय

नेपाल राष्ट्र बैङ्क

राष्ट्र ऋण विभाग

...................................................... बस्ने श्री .................. .............................. मिति ....................... मा साँवाको भुक्तानी दिइने र मिति ........................... देखि मिति ....................... सम्म वार्षिक ............... प्रतिशतका दरले पाकेको अर्धवार्षिक ब्याजको भुक्तानी छ/छ महिनामा प्रत्येक .................. गते तथा ............. गतेमा दिइने गरी राष्ट्र ऋण ऐन, २०५९ बमोजिम नेपाल सरकारबाट उठाइएको विकास ऋणमध्ये रु. ................... (अक्षरेपि ...............................................) ऋणको दर्तावाला धनी हुनुहुन्छ भनी प्रमाणित गरिएको छ।

विभागीय प्रमुख गभर्नर

मौद्रिक व्यवस्थापन विभाग नेपाल राष्ट्र बैङ्क

निष्कासन मितिः

नामसारी/एकीकरण/खण्डीकरण मितिः

भुक्तानी दिइने कार्यालय

..........................

..........................

**नामसारी फाराम**

म/हामीहरु ....................................... ले तपाई/तपाईहरु ......................... लाई यो ऋणपत्रको साँवा रु. ......................... (अक्षरेपि..........................................) को हक खुशीराजीले बिक्री/दान गरी यो नामसारीको लिखत गरिदिएको छु/छौं।

इति संवत् .................. साल ............. गते ....... रोज ....... शुभम्।

नयाँ धनीको दस्तखत .........................। साबिक धनीको दस्तखत .......................................

नाम र ठेगाना ........................................। नाम र ठेगाना .......................................



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

......................................................।       ..................................................................

---

माथि लेखिए बमोजिमको नामसारी लिखत मेरो सामुन्ने भएको ठीक साँचो हो।

अधिकारीको दस्तखत

मितिः

नाम

पद

---

भुक्तानी लिएको भरपाई

यस ऋणपत्रको साँवा भुक्तानी बापत रु. ........................ (अक्षरेपि......................... ..................................) बुझिलिएँ।लियौं।

जम्मा रु. ..........................................

बुझिलिने धनीको दस्तखत ........................

नाम ................................................

ठेगाना ..............................................

मितिः................................................

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

## अनुसूची-१(क)

(नियम ३ को उपनियम (१) को खण्ड (क) को उपखण्ड (२) सँग सम्बन्धित)

क्रमसङ्ख्या ............. दर्ता नं. ............

**नेपाल सरकारको**

**................ विकास ऋणपत्र, ............... स्टकको**

**ब्याज भुक्तानी पुर्जा**

रु. [ ] को अर्धवार्षिक ब्याज रु. [ ]

राष्ट्र ऋण ऐन, २०५९ बमोजिम उठाइएको विकास ऋणपत्र .................. मध्ये उपरोक्त सङ्ख्याको ऋणपत्र धनी श्री ................................................................ वा निजले अह्राएको व्यक्तिले यो ब्याज भुक्तानी पुर्जा लिई आएमा वार्षिक .................. प्रतिशतका दरले मिति ...................... देखि मिति ..................... सम्म यस पुर्जा पछाडि तोकिएको मितिदेखि तल लेखिएको कार्यालयबाट अर्धवार्षिक ब्याज भुक्तानी दिएको व्यहोरा जनाई दिने गरी यो ब्याज भुक्तानी पुर्जा दिइएको छ।

ब्याज भुक्तानी दिने कार्यालय

निष्कासन मितिः- विभागीय प्रमुख

नामसारी/एकीकरण/खण्डीकरण मितिः- मौद्रिक व्यवस्थापन विभाग

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

**ब्याज भुक्तानी विवरण**

| किस्ता नम्बर र मिति | ब्याज भुक्तानी दिएको मिति | भुक्तानी दिने कार्यालयको छाप | स्थान | अधिकृतको दस्तखत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

**अनुसूची-२**

(नियम ३ को उपनियम (१) को खण्ड (क) को उपखण्ड (३) सँग सम्बन्धित)

क्रमसङ्ख्या .............                                        दर्ता नं. ............

**नेपाल सरकारको राष्ट्रिय बचतपत्र (स्टक)**

**................ प्रतिशत विकास बचतपत्र, ...............**

रु. [          ]

.......................

धनीको दस्तखत                                        परिचयको स्रोत .....................

दर्ता कार्यालय

नेपाल राष्ट्र बैङ्क

मौद्रिक व्यवस्थापन विभाग

........................................................ बस्ने श्री .................. ............................... मिति ....................... मा साँवाको भुक्तानी दिइने र मिति .......................... देखि मिति ....................... सम्म वार्षिक ............... प्रतिशतका दरले पाकेको अर्धवार्षिक ब्याजको भुक्तानी छ/छ महिनामा प्रत्येक .................. गते तथा ............. गतेमा दिइने गरी राष्ट्र ऋण ऐन, २०५९ बमोजिम नेपाल सरकारबाट उठाइएको विकास ऋणमध्ये रु. .................. (अक्षरेपि .............................................) ऋणको दर्तावाला धनी हुनुहुन्छ भनी प्रमाणित गरिएको छ।

विभागीय प्रमुख                                        गभर्नर

मौद्रिक व्यवस्थापन विभाग                                        नेपाल राष्ट्र बैङ्क

निष्कासन मितिः

नामसारी/एकीकरण/खण्डीकरण मितिः

भुक्तानी दिइने कार्यालय

..........................

..........................

**<u>नामसारी फाराम</u>**

म/हामीहरु ....................................... ले तपाई/तपाईहरु ......................... लाई यो ऋणपत्रको साँवा रु. ......................... (अक्षरेपि.........................................) को हक खुशीराजीले बिक्री/दान गरी यो नामसारीको लिखत गरिदिएको छु/छौं।

इति संवत् .................. साल ............. गते ....... रोज ....... शुभम्।

नयाँ धनीको दस्तखत .........................।        साबिक धनीको दस्तखत .......................................



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नाम र ठेगाना ........................................।  नाम र ठेगाना ........................................
......................................................।  ..........................................................

---

माथि लेखिए बमोजिमको नामसारी लिखत मेरो सामुन्ने भएको ठीक साँचो हो।

अधिकारीको दस्तखत

मितिः

नाम

पद

---

---

भुक्तानी लिएको भरपाई

यस ऋणपत्रको साँवा भुक्तानी बापत रु. ......................... (अक्षरेपि.........................
..................................) बुझिलिएँ। लियौं।

जम्मा रु. ..........................................

बुझिलिने धनीको दस्तखत ........................

नाम ................................................

ठेगाना ..............................................

मितिः...............................................

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

**अनुसूची-२(क)**

(नियम ३ को उपनियम (१) को खण्ड (क) को उपखण्ड (४) सँग सम्बन्धित)

क्रमसङ्ख्या ............. दर्ता नं. ............

**नेपाल सरकार**

**................ राष्ट्रिय बचतपत्र, ............... स्टकको**

**ब्याज भुक्तानी पुर्जा**

रु. [ ] को अर्धवार्षिक ब्याज रु. [ ]

राष्ट्र ऋण ऐन, २०५९ बमोजिम उठाइएको विकास ऋणपत्र .................. मध्ये उपरोक्त सङ्ख्याको ऋणपत्र धनी श्री ................................................................. वा निजले अह्राएको व्यक्तिले यो ब्याज भुक्तानी पुर्जा लिई आएमा वार्षिक .................. प्रतिशतका दरले मिति ...................... देखि मिति ..................... सम्म यस पुर्जा पछाडि तोकिएको मितिदेखि तल लेखिएको कार्यालयबाट अर्धवार्षिक ब्याज भुक्तानी दिएको व्यहोरा जनाई दिने गरी यो ब्याज भुक्तानी पुर्जा दिइएको छ।

ब्याज भुक्तानी दिने कार्यालय

निष्कासन मितिः- विभागीय प्रमुख

नामसारी/एकीकरण/खण्डीकरण मितिः- मौद्रिक व्यवस्थापन विभाग

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

**ब्याज भुक्तानी विवरण**

| किस्ता नम्बर र मिति | ब्याज भुक्तानी दिएको मिति | भुक्तानी दिने कार्यालयको छाप | स्थान | अधिकृतको दस्तखत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

**अनुसूची-३**

(नियम ३ को उपनियम (१) को खण्ड (क) को उपखण्ड (५) सँग सम्बन्धित)

क्रमसङ्ख्या ............. दर्ता नं. ............

**नेपाल सरकारको नागरिक बचतपत्र (स्टक)**

**................ प्रतिशत नागरिक बचतपत्र, ...............**

रु. [ ]

.......................

धनीको दस्तखत परिचयको स्रोत .....................

दर्ता कार्यालय

नेपाल राष्ट्र बैङ्क

मौद्रिक व्यवस्थापन विभाग

........................................................ बस्ने श्री .................. .............................. मिति ....................... मा साँवाको भुक्तानी दिइने र मिति .......................... देखि मिति ....................... सम्म वार्षिक ............... प्रतिशतका दरले पाकेको अर्धवार्षिक ब्याजको भुक्तानी छ/छ महिनामा प्रत्येक .................. गते तथा ............. गतेमा दिइने गरी राष्ट्र ऋण ऐन, २०५९ बमोजिम नेपाल सरकारबाट उठाइएको विकास ऋणमध्ये रु. .................. (अक्षरेपि ...............................................) ऋणको दर्तावाला धनी हुनुहुन्छ भनी प्रमाणित गरिएको छ।

विभागीय प्रमुख गभर्नर

मौद्रिक व्यवस्थापन विभाग नेपाल राष्ट्र बैङ्क

निष्कासन मितिः

नामसारी/एकीकरण/खण्डीकरण मितिः

भुक्तानी दिइने कार्यालय

..........................

..........................

**नामसारी फाराम**

म/हामीहरु ....................................... ले तपाई/तपाईहरु ......................... लाई यो ऋणपत्रको साँवा रु. ......................... (अक्षरेपि.........................................) को हक खुशीराजीले बिक्री/दान गरी यो नामसारीको लिखत गरिदिएको छु/छौं।

इति संवत् .................. साल ............. गते ....... रोज ....... शुभम्।

नयाँ धनीको दस्तखत .........................। साबिक धनीको दस्तखत .......................................



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नाम र ठेगाना ........................................।  नाम र ठेगाना .........................................
.......................................................।  ..........................................................

---

माथि लेखिए बमोजिमको नामसारी लिखत मेरो सामुन्ने भएको ठीक साँचो हो।

अधिकारीको दस्तखत

मितिः

नाम

पद

---

---

भुक्तानी लिएको भरपाई

यस ऋणपत्रको साँवा भुक्तानी बापत रु. ........................ (अक्षरेपि......................... ..................................) बुझिलिएँ। लियौं।

जम्मा रु. ..........................................

बुझिलिने धनीको दस्तखत ........................

नाम ................................................

ठेगाना .............................................

मितिः...............................................

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

**अनुसूची-३(क)**

(नियम ३ को उपनियम (१) को खण्ड (क) को उपखण्ड (६) सँग सम्बन्धित)

क्रमसङ्ख्या .............                                                     दर्ता नं. ...........

**नेपाल सरकार**

**................ नागरिक बचतपत्र, ............... स्टकको**

**ब्याज भुक्तानी पुर्जा**

रु. [ ] को अर्धवार्षिक ब्याज रु. [ ]

राष्ट्र ऋण ऐन, २०५९ बमोजिम उठाइएको विकास ऋणपत्र .................. मध्ये उपरोक्त सङ्ख्याको ऋणपत्र धनी श्री ................................................................ वा निजले अह्राएको व्यक्तिले यो ब्याज भुक्तानी पुर्जा लिई आएमा वार्षिक .................. प्रतिशतका दरले मिति ...................... देखि मिति ..................... सम्म यस पुर्जा पछाडि तोकिएको मितिदेखि तल लेखिएको कार्यालयबाट अर्धवार्षिक ब्याज भुक्तानी दिएको व्यहोरा जनाई दिने गरी यो ब्याज भुक्तानी पुर्जा दिइएको छ।

ब्याज भुक्तानी दिने कार्यालय

निष्कासन मितिः-                                                     विभागीय प्रमुख

नामसारी/एकीकरण/खण्डीकरण मितिः-                                 मौद्रिक व्यवस्थापन विभाग

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

**<u>ब्याज भुक्तानी विवरण</u>**

| किस्ता नम्बर र मिति | ब्याज भुक्तानी दिएको मिति | भुक्तानी दिने कार्यालयको छाप | स्थान | अधिकृतको दस्तखत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

## अनुसूची-४

(नियम ३ को उपनियम (१) को खण्ड (क) को उपखण्ड (७) सँग सम्बन्धित)

क्रमसङ्ख्या .............                                                    दर्ता नं. ...........

### नेपाल सरकारको ऋणपत्र (स्टक)

**................ प्रतिशत नागरिक ऋणपत्र, ...............**

रु. [ ]

.......................

धनीको दस्तखत                                        परिचयको स्रोत .....................

दर्ता कार्यालय

नेपाल राष्ट्र बैङ्क

मौद्रिक व्यवस्थापन विभाग

........................................................ बस्ने श्री .................. ............................... मिति ....................... मा साँवाको भुक्तानी दिइने र मिति .......................... देखि मिति ....................... सम्म वार्षिक ............... प्रतिशतका दरले पाकेको अर्धवार्षिक ब्याजको भुक्तानी छ/छ महिनामा प्रत्येक .................. गते तथा ............. गतेमा दिइने गरी राष्ट्र ऋण ऐन, २०५९ बमोजिम नेपाल सरकारबाट उठाइएको विकास ऋणमध्ये रु. ................... (अक्षरेपि ..............................................) ऋणको दर्तावाला धनी हुनुहुन्छ भनी प्रमाणित गरिएको छ।

विभागीय प्रमुख                                                    गभर्नर

मौद्रिक व्यवस्थापन विभाग                                      नेपाल राष्ट्र बैङ्क

निष्कासन मितिः

नामसारी/एकीकरण/खण्डीकरण मितिः

भुक्तानी दिइने कार्यालय

..........................

..........................

### <u>नामसारी फाराम</u>

म/हामीहरु ....................................... ले तपाई/तपाईहरु ......................... लाई यो ऋणपत्रको साँवा रु. ......................... (अक्षरेपि........................................) को हक खुशीराजीले बिक्री/दान गरी यो नामसारीको लिखत गरिदिएको छु/छौं।

इति संवत् .................. साल ............. गते ....... रोज ....... शुभम्।

नयाँ धनीको दस्तखत ..........................।      साबिक धनीको दस्तखत .......................................

नाम र ठेगाना .........................................। नाम र ठेगाना .........................................
......................................................। ......................................................

---

माथि लेखिए बमोजिमको नामसारी लिखत मेरो सामुन्ने भएको ठीक साँचो हो।

अधिकारीको दस्तखत

मितिः

नाम

पद

---

---

भुक्तानी लिएको भरपाई

यस ऋणपत्रको साँवा भुक्तानी बापत रु. ........................ (अक्षरेपि.........................
..................................) बुझिलिएँ। लियौं।

जम्मा रु. ...........................................

बुझिलिने धनीको दस्तखत ........................

नाम .................................................

ठेगाना ..............................................

मितिः...............................................

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

## अनुसूची-४(क)

(नियम ३ को उपनियम (१) को खण्ड (क) को उपखण्ड (८) सँग सम्बन्धित)

क्रमसङ्ख्या ............. दर्ता नं. ...........

**नेपाल सरकार**

**................ विकास ऋणपत्र, ............... स्टकको**

**ब्याज भुक्तानी पुर्जा**

रु. [ ] को अर्धवार्षिक ब्याज रु. [ ]

राष्ट्र ऋण ऐन, २०५९ बमोजिम उठाइएको विकास ऋणपत्र .................. मध्ये उपरोक्त सङ्ख्याको ऋणपत्र धनी श्री ............................................................. वा निजले अह्राएको व्यक्तिले यो ब्याज भुक्तानी पुर्जा लिई आएमा वार्षिक .................. प्रतिशतका दरले मिति ...................... देखि मिति ..................... सम्म यस पुर्जा पछाडि तोकिएको मितिदेखि तल लेखिएको कार्यालयबाट अर्धवार्षिक ब्याज भुक्तानी दिएको व्यहोरा जनाई दिने गरी यो ब्याज भुक्तानी पुर्जा दिइएको छ।

ब्याज भुक्तानी दिने कार्यालय

निष्कासन मितिः- विभागीय प्रमुख

नामसारी/एकीकरण/खण्डीकरण मितिः- मौद्रिक व्यवस्थापन विभाग

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

**ब्याज भुक्तानी विवरण**

| किस्ता नम्बर र मिति | ब्याज भुक्तानी दिएको मिति | भुक्तानी दिने कार्यालयको छाप | स्थान | अधिकृतको दस्तखत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

## अनुसूची-५

(नियम ३ को उपनियम (१) को खण्ड (ख) को उपखण्ड (१) सँग सम्बन्धित)

क्रमसङ्ख्या .............                                                    दर्ता नं. ...........

**नेपाल सरकारको ऋणपत्र (प्रमिशरी नोट)**

**................ प्रतिशत नागरिक ऋणपत्र, ...............**

रु. [     ]

......................

धनीको दस्तखत                                        परिचयको स्रोत .....................

दर्ता कार्यालय

नेपाल राष्ट्र बैङ्क

मौद्रिक व्यवस्थापन विभाग

श्री ........................................................................... बाट राष्ट्र ऋण ऐन, २०५९ बमोजिम नेपाल सरकारबाट उठाइएको विकास ऋणमध्ये रु. ............... अक्षरेपि ................................................... मात्र प्राप्त भएकाले निजलाई वा निजले दरपीठ गरी दिएको व्यक्तिलाई सो साँवाको भुक्तानी मिति ...................... मा र सोको ब्याज भुक्तानी प्रत्येक छ/छ महिनामा दिने गरी यो प्रमिशरी नोट दिइएको छ।

विभागीय प्रमुख                                                    गभर्नर

मौद्रिक व्यवस्थापन विभाग                                    नेपाल राष्ट्र बैङ्क

नामसारी/एकीकरण/खण्डीकरण मितिः

| | |
|---|---|
| मिति .................. मा तल लेखिए बमोजिम दस्तखत गर्ने तपाई/हरु श्री ........................................... ठेगाना .................................................... नागरिकता प्रमाणपत्र/परिचय पत्र नं. ...................... लाई आजका मितिसम्मको बाँकी ब्याज समेत उपर गरी यो ऋणपत्र दरपीठ गरी हक छाडी दिएको छु/छौं।<br>............................ ................................ | मिति .................. मा तल लेखिए बमोजिम दस्तखत गर्ने तपाई/हरु श्री ........................................... ठेगाना .................................................... नागरिकता प्रमाणपत्र/परिचय पत्र नं. ...................... लाई आजका मितिसम्मको बाँकी ब्याज समेत उपर गरी यो ऋणपत्र दरपीठ गरी हक छाडी दिएको छु/छौं।<br>............................ ................................ |

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

| | |
|---|---|
| नयाँ धनी/हरुको दस्तखत साबिक धनी/हरुको दस्तखत | नयाँ धनी/हरुको दस्तखत साबिक धनी/हरुको दस्तखत |
| मिति ................. मा तल लेखिए बमोजिम दस्तखत गर्ने तपाई/हरु श्री ........................................... ठेगाना .................................................... नागरिकता प्रमाणपत्र/परिचय पत्र नं. ..................... लाई आजका मितिसम्मको बाँकी ब्याज समेत उपर गरी यो ऋणपत्र दरपीठ गरी हक छाडी दिएको छु/छौं।<br>............................ ................................<br>नयाँ धनी/हरुको दस्तखत साबिक धनी/हरुको दस्तखत | मिति ................. मा तल लेखिए बमोजिम दस्तखत गर्ने तपाई/हरु श्री ........................................... ठेगाना .................................................... नागरिकता प्रमाणपत्र/परिचय पत्र नं. ..................... लाई आजका मितिसम्मको बाँकी ब्याज समेत उपर गरी यो ऋणपत्र दरपीठ गरी हक छाडी दिएको छु/छौं।<br>............................ ................................<br>नयाँ धनी/हरुको दस्तखत साबिक धनी/हरुको दस्तखत |
